बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोककपिलवस्तु ,बुड्ढी ,
लुम्बिनी प्रदेशनेपाल ,

ने.सं. ११४६

पत्र संख्या:. २०८३।०८४
चलानी नं:.

## नगर प्रहरी पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना !

(सूचना प्रकाशित मिति : २०८३/०५/२४ गते)

प्रस्तुत सम्बन्धमा बुद्धभूमि नगरपालिकामा स्वीकृत दरबन्दी बमोजिम नगर प्रहरी सेवा सम्बन्धी कार्य सम्पादन गर्नका लागि "नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन, २०८३)" बमोजिम खुला तथा आन्तरिक प्रतिस्पर्धा/स्तरवृद्धि मार्फत करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले कार्यालयको निर्णय बमोजिम निम्नानुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट १५ दिनभित्र माग बमोजिमका विवरण र तोकिएको राजश्व तिरेको रसिद सहित यस कार्यालयमा रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद तथा तह | पद संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | ०३/२०८३/०८४ | **नगर प्रहरी हवल्दार** (स्तरवृद्धि/आन्तरिक) | १ जना | • बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रहरी जवानमा काम गरेको कम्तीमा ३ वर्षको अनुभव तथा सम्बन्धित अन्य विषयमा अनुभव भएको।<br>• सेवा निरन्तरताको प्रमाणपत्र |
| २ | ०४/२०८३/०८४ | **नगर प्रहरी जवान** (महिला - खुला) | १ जना (महिला) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको।<br>• दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको।<br>• प्रचलित कानून बमोजिम अयोग्य नभएको र कुनै फौजदारी अभियोग नलागेको।<br>• शारीरिक रूपमा योग्य रहेको।<br>• लिखित परीक्षा उत्तीर्ण भएको अवस्थामा बुद्धभूमि नगरवासी युवाहरूलाई प्राथमिकता दिइने। |

**अन्य थप विवरणहरू :**

**आवश्यक कागजातहरू** : क्र.स. १ को हकमा : बुद्धभूमि नगरपालिकामा नगर प्रहरी जवानमा काम गरेको कम्तीमा ३ वर्षको अनुभव सहितको सेवा निरन्तरता प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति र अन्य अनुभव भए सो सम्बन्धि कागजात।

क्र.स २ को हकमा : योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति र आफूले आवेदन दिन चाहेको पद प्रष्ट रूपमा खुलाई नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका वा रित नपुगी आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**२.दरखास्त दिने स्थानः** बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (प्रशासन/भर्ना छनौट शाखा), हनुमानचोक, बुड्ढी, कपिलवस्तु।

**३.दरखास्त दिने अन्तिम मितिः** २०८३/०६/०७ गते कार्यालय समयभित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ)।

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

**४. दरखास्त दस्तुर:** नगर प्रहरी जवानको हकमा रु. ३००।– (अक्षरेपि तिन सय मात्र) र नगर प्रहरी हवल्दारको हकमा रु. ४०० (अक्षरेपि चार सय रुपैया मात्र) नगरपालिकाको राजस्व शाखामा बुझाई सोको रसिद संलग्न गर्नुपर्नेछ।

**५. परीक्षाको किसिम:**

क्र.स. १ को हकमा : ज्येष्ठता, कार्यसम्पादन मूल्याङ्कन, अनुभव र अन्तर्वार्ता।

क्र.स. २ को हकमा : शारीरिक परीक्षण (तन्दुरुस्ती), लिखित परीक्षा र अन्तर्वार्ता। (शारीरिक परीक्षणमा योग्य ठहरिएका उम्मेदवारलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ)।

**६. करार अवधि :** ६ महिनाको करार सम्झौता बमोजिम काममा लगाइनेछ।

**७. तलब तथा अन्य सुविधा :** नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ (संशोधन सहितको व्यवस्था) बमोजिम।

**८. सम्पर्क मिति र परीक्षा मिति:** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट (सो दिन बिदा भए लगत्तै कार्यालय खुल्ने दिन) बुद्धभूमि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। परीक्षा मिति पछि तोकिनेछ।

यमकान्त पाण्डेय

प्रमुख प्रशासकीय अधिकृत